"कृषि, पर्यटन र पूर्वाधारको दीगोपन : समृद्ध, सुसंस्कृत शहिद लखन"

# शहिद लखन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ्ग, गोरखा
२०७३

प.सं. २०८१/८२
चलानी नं :

गण्डकी प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मिति : २०८१।०४।०३ )**

प्रस्तुत सम्बन्धमा सुरक्षित आप्रवासन-सामी परियोजना अन्तर्गत समुदाय सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तिय साक्षरता सम्बन्धी कार्यक्रमहरु यस गाउँपालिकामा सञ्चालन गर्न सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन, मार्गदर्शन,२०७९ बमोजिम तपसिलका पदहरुमा खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले गाउँ कार्यपालिकाको मिति २०८१।०३।१८ गतेको बैठकको निर्णय बमोजिम निम्नानुसारको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा रितपूर्वक निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

१. **रिक्त पदहरुको विवरण :**

| विज्ञापन नं. | पद /तह | संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | उमेर | निवेदन दस्तुर | छनौटको किसिम |
|---|---|---|---|---|---|---|
| ०३-२०८१।८२ | मनोसामाजिक परामर्शकर्ता /सहायक स्तर पाँचौ | १ | सामी कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्श सम्बन्धी ६ महिना तालिम प्राप्त मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा:<br>• कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिरण गरी मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको<br>**नयाँ मनोसामाजिक परामर्शकर्ताका लागि**<br>• मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा,पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ्ग उत्तीर्ण गरेको । | २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको | रु. ५०० | प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन, लिखित परीक्षा र अन्तर्वार्ता |
| ०४-२०८१।८२ | वित्तिय सारक्षता सहजकर्ता /सहायक स्तर पाँचौ | १ | न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण,प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा २ वर्षको अनुभव भएको,सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकालाई प्राथमिकता प्रदान गरिनेछ । | १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको | रु. ५०० | प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन, लिखित परीक्षा र अन्तर्वार्ता |
| ०५-२०८१।८२ | रिटर्नी स्वंयसेवक(आंशिक) | २ | न्यूनतम् कक्षा १० पास गरी वैदेशिक रोजगार(खाडी मुलुक र मलेसिया) मा गई कम्तिमा १ वर्ष काम गरेको अनुभव भएको ।सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइनेछ । | १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको | रु. ४०० | प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन र अन्तर्वार्ता |

२. **आवश्यक कागजातहरु :** व्यक्तिगत निवेदन, नागरिकता प्रमाणपत्रको छाँयाप्रति, न्यूनतम शैक्षिक योग्यता प्रमाणपत्रको छाँयाप्रति, अनुभव भएको भए सो सम्बन्धी कागजात, राजश्व तिरेको रसिद, २ प्रति पासपोर्ट साइजको फोटो ।

३. **दरखास्त दिने अन्तिम मिति र स्थान :** २०८१।०४।१७ गते कार्यालय समयभित्र गाउँ कार्यपालिकाको कार्यालय,घैरुङ्ग,गोरखा।

४. **सेवा शर्त तथा सुविधा :** सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन, मार्गदर्शन,२०७९ बमोजिम हुनेछ।

५. **लिखित तथा प्रयोगात्मक परीक्षा मिति :** दरखास्तको म्याद समाप्ति पश्चात प्रकाशन गरिनेछ ।

बाबुराम मगर
प्रमुख प्रशासकीय अधिकृत

**बाबुराम मगर**
**प्रमुख प्रशासकीय अधिकृत**